म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १५ अंक ५२ बिहीबार, ९ असोज २०८२ ने. सं. ११४५ कौलाथ्व 25 September 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बागमती प्रदेशको सभामुखमा माओवादी केन्द्रको दाबी

हेटौंडा, ८ असोज/सभामुख भुवन पाठकले राजीनामा दिएसँगै रिक्त रहेको बागमती प्रदेशसभाको सभामुख पदमा नेकपा माओवादी केन्द्रले दाबी गर्ने निर्णय गरेको छ ।

बुधबार माओवादी केन्द्र संसदीय दलको काठमाडौंमा बसेको बैठकले रिक्त रहेको सभामुख पदमा संसदको तेस्रो ठुलो दलको हैसियतले माओवादी केन्द्रले दाबी गर्ने निर्णय गरेको सचेतक रत्न ढकालले बताए । बागमती प्रदेश सरकारले मन्त्रिपरिषदको निर्णयबाट बजेट पुनराबोलकन गर्ने निर्णय गरेको भन्दै माओवादी केन्द्रले त्यसको सशक्त प्रतिबाद गर्ने निर्णय गरेको हो । सदनबाट पास भइसकेको बजेट पुनराबलोकन आवश्यक नरहेको माओवादी केन्द्रको निष्कर्ष छ । बैठकले बागमती प्रदेश सरकारको मन्त्रालयको संख्या घटाउन माग गर्ने निर्णय गरेको छ ।

## नारायणगढ-मुग्लिन सडक अवरुद्ध, वैकल्पिक मार्गमा चाप

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ बारम्बारको पहिरोले नारायणगढ-मुग्लिन सडक खण्ड अवरुद्ध भएपछि हेटौंडा-काठमाडौं जोड्ने वैकल्पिक सडकमार्गमा सवारीको चाप ह्वात्तै बढेको छ ।



विशेषगरी पूर्वतर्फ र पश्चिमतर्फ जाने साना सवारीसाधन हेटौंडा हुँदै गन्तव्यमा जाने गरेका छन् । सवारीको चाप बढेसँगै ट्राफिक प्रहरीलाई सवारी व्यवस्थापन गर्न भ्याईनभ्याई भएको छ । काठमाडौं जाने ठूला तथा मालवाहक सवारीसाधनलाई भने हेटौंडाको चौकीटोलमा रोकिएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-काठमाडौं जोड्ने चारवटै वैकल्पिक मार्ग सुचारु अवस्थामा छन् । कान्तिलोकपथ, त्रिभुवन राजपथ, हेटौंडा-भीमफेदी-सिस्नेरी-दक्षिणकाली र हेटौंडा-कुलेखानी-फाखेल-काठमाडौंमा कुनै अवरोध नरहेको मकवानपुरका प्रहरी प्रवक्ता श्यामु आर्यालले बताए ।

विशेषगरी त्रिभुवन राजपथमा सवारीको अत्याधिक चाप रहेको उनले जानकारी दिए । सडक विभागले पनि नारायणगढ-मुग्लिन सडकको विकल्पका रुपमा यी वैकल्पिक मार्गहरुको प्रयोग गर्न सर्वसाधारणलाई आग्रह गरेको छ । सामान्य वर्षामै अवरुद्ध हुने यी सडकमार्गमा यात्रु र सवारीको चापलाई मध्यनजर गर्दै, सडक खुलाउनका लागि आवश्यक जेसिबी तथा जनशक्ति तयारी अवस्थामा राखिएको प्रवक्ता आर्यालले बताए । नारायणगढ-मुग्लिन सडक खुल्नु अघि हेटौंडा-काठमाडौं ठूला सवारी साधन त्रिभुवन राजपथ भएर जानु पर्दथ्यो । २०१३ सालमा संचालनमा आएको यो सडकको दुरी एक सय ३२ किमि रहेको छ ।

पूर्व-पश्चिम राजमार्गमा भने हाल पश्चिमबाट मात्रै सवारी साधन आइरहेका छन् । चितवनको तुइनखोलामा खसेको सुक्खा पहिरो पन्छाउने काम बुधबार बिहानैदेखि भइरहेको छ । सडकका दुवैतर्फबाट २/२ वटा गरी ४ वटा उपकरणले बिहान ६ बजेदेखि पहिरो पन्छाउने काम सुरु गरिएको सडक डिभिजन भरतपुरका सूचना अधिकारी कृष्णप्रसाद आचार्यले बताए । आचार्यकाअनुसार अपरान्ह ३ बजेसम्ममा सडकको दुवैतर्फ करिब ६० मिटर मात्रै पहिरो पन्छाइएको छ । मंगलबार अपरान्ह खसेको भयंकर पहिरोले झन्डै १६० मिटर सडक क्षति पुगेको छ भने २० मिटर अग्लो पहाड नै बनेको उनले बताए ।

आचार्यले भने, 'फिल्डमा ६ वटा उपकरणको व्यवस्था गरिएको छ । तर, एक पटकमा एकातर्फ दुईवटा भन्दा बढी उपकरण चलाउन मिल्दैन । त्यसैले दुवैतर्फ गरी ४ वटा उपकरणले बिहानैदेखि पहिरो पन्छाउने काम भइरहेको छ ।' उनले अगाडि भने, 'पहिरो पन्छाउँदै जाँदा ठूलाठूला ढुंगाहरु भेटिएको छ । जसका कारण पहिरो पन्छाउन थप कठिनाइ भइरहेको छ । ठूलाठूला ढुंगाका कारण पहिरो पन्छाउने कामले गतिलिन सकेको छैन ।' थप पहिरो नखसेको अवस्थामा बिहीबार साँझसम्म पहिरो पन्छाउन सकिन्छ कि भन्ने अपेक्षा गरिएको उनले बताए ।

### पहिरो पन्छाउन शुक्रबारसम्म लाग्न सक्छ : डोजर चालक

डोजर चालक कमलेश चौधरी यसैगरी निरन्तर पहिरो पन्छाउने काम भएमा पर्सिसम्म पहिरो पन्छाएर सकिने विश्वास व्यक्त गर्छन् । उनी भन्छन्, 'पहिरो खस्ने जोखिम उत्तिकै छ । तर, पनि जोखिम मोलेर हामीले पहिरो पन्छाइरहेका छौं । सडकमा अलपत्र परेका यात्रुको दु:ख देखेर आफूहरुलाई काम गर्ने हौसला मिलेको छ । आत्मबल बढेको छ ।' एकपटकमा दुईवटा भन्दा बढी डोजर प्रयोग गर्न नमिल्ने भएका कारण दुवैतर्फ ४ वटा डोजरले पहिरो पन्छाउने काम भइरहेको उनी बताउँछन् । दुईवटा भन्दा बढी डोजर प्रयोग गर्दा जोखिम बढी रहेको उनले बताए ।

### वैकल्पिक रूट प्रयोग गर्न प्रशासनको अनुरोध

सुक्खा पहिरोका कारण मुग्लिन-नारायणगढ सडक मंगलबार अपरान्हदेखि पूर्णरुपमा बन्द भएको छ । पहिरोका कारण यो सडकखण्ड प्रयोग गर्ने सवारीसाधनलाई चितवन प्रशासनले सूचना जारी गर्दै वैकल्पिक सडक प्रयोग गर्न अनुरोध गरेको छ । वैकल्पिक मार्गको रुपमा महोत्तरीको बर्दिवास-सिन्धुली-काठमाडौं, मकवानपुरको हेटौंडाको त्रिभुवन राजपथ, रुपन्देहीको बुटवल, नवलपरासी-बर्दघाट सुस्ता पूर्वको कावासोती र गैंडाकोट, धादिङको नौबिसे तथा तनहुँको हकमा खैरेनीटारबाटै उपयुक्त वैकल्पिक मार्ग प्रयोग गर्न चितवन प्रशासनले अनुरोध गरेको हो ।

## १० लाख रुपैयाँ माथिका आयोजना ठेक्का मार्फत गर्नुपर्ने



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ सरकारले १० लाख रुपैयाँ भन्दा बढीका आयोजनाहरु उपभोक्ता समितिबाट गर्न नपाइने निर्णय गरेको छ ।

संघीय सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश वा स्थानीय तहबाट सञ्चालन हुने १० लाख रुपैयाँ माथिका सबै आयोजना ठेक्कामार्फत् गर्नुपर्ने भएको हो । अर्थमन्त्रालयले आयोजनाको प्राथमिकीकरण र पुँजीगत खर्च व्यवस्थापन सम्बन्धमा जारी गरेको १५ बुँदे निर्देशनमा यो कुरा उल्लेख गरिएको छ । आयोजना टुक्राएर उपभोक्ता समितिबाट काम नगराउन पनि मन्त्रालयले निर्देशन दिएको छ । सरकारले तयारीबिनाका, कम प्राथमिकता र दोहोरो प्रविष्ट भएका आयोजना रोक्का गर्न निर्देशन दिएको छ । यसले विगतमा राजनीतिक प्रभाव वा स्थानीय दबाबका कारण टुक्रिएका ससाना आयोजना रोकिने भएको छ ।

तर, स्रोत सहमति प्राप्त भई निर्माणाधीन आयोजनाले भने निरन्तरता पाउने भएका छन् । स्रोत सहमति लिई निर्माणाधीन रहेका आयोजनालाई बजेट कमी हुन नदिई कार्यान्वयन गर्ने अर्थ मन्त्रालयले जनाएको छ । रोक्का प्रश्ताव गरिएका आयोजनाको गतवर्षमा दायित्व सिर्जना भएको भुक्तानी भने दिईने भएको छ । अर्थ मन्त्रालयले २०८२ असोज २ भित्र खरिद सम्झौता भइसकेका वा अन्तिमचरणमा पुगेका आयोजनालाई मात्रै फुकुवा गरिने जनाएको छ ।

चालु आर्थिक वर्षमा नयाँ आयोजना वा अन्य कुनै खरिद प्रयोजनका लागि बहुवर्षीय स्रोत सहमति नदिने, निर्माण कार्यमा कन्टिन्जेन्सी रकमको सीमा घटाई १ अर्वसम्म लागत अनुमान भएका आयोजनामा ३ प्रतिशत र सोभन्दा बढीका निर्माण आयोजनामा २ प्रतिशत हुने गरी कार्यान्वयन गर्ने सरकारले निर्णय गरेको छ । शिक्षा, स्वास्थ्य र खानेपानीजस्ता आधारभूत आवश्यकताका क्षेत्रमा बजेट कटौती नहुने व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ । भूकम्पलगायत विपद्बाट क्षति भएका सार्वजनिक संरचनाको पुनर्निर्माणलाई पुनर्निर्माण कोषमार्फत् अघि बढाइने भएको छ ।

सरकारी भवन र कार्यालय संरचनालाई सेवाग्राहीमैत्री, छरितो र व्यावहारिक बनाउन लेआउट व्यवस्थापनमा जोड दिइने उल्लेख गरिएको छ । मन्त्रिपरिषद्को असोज ५ गतेको बैठकले विकास आयोजनाको पुन:प्राथमिकीकरण गर्ने र अनुत्पादक कार्यक्रममा रोक लगाउने निर्णय गरेको हो । यो निर्णय कार्यान्वयनका लागि सबै मन्त्रालय, प्रदेश सरकार र स्थानीय तहलाई पत्राचार गरिसकिएको अर्थ मन्त्रालयले जनाएको छ ।

## रेबिज नियन्त्रण कार्यलाई प्राथमिकतामा राखिनुपर्छ: मन्त्री पौडेल




साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ बागमती प्रदेशका कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलले सरकारले गर्ने अन्य कार्यक्रमसँगै रेबिज रोग नियन्त्रण कार्यक्रमलाई पनि प्राथमिकतामा राखिनुपर्ने बताएका छन् ।

बुधबार पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय बागमती, हेटौंडाले 'रेबिजविरुद्ध जुटौं:तपाई हामी समूदाय' भन्ने नाराकासाथ आयोजना गरेको रेबिजविरुद्धको सचेतनामूलक कार्यक्रममा उनले रेबिज रोग एक प्राणघातक तर, यसलाई पूर्णरोकथाम गर्न सम्भव रहेको बताए । मन्त्री पौडेलले यसविरुद्धको खोप अभियान, सचेतनामूलक कार्यक्रम र सरसफाईमा विशेष ध्यान दिनुपर्ने उल्लेख गरे ।

विशेषत: विद्यालयस्तर, समूदाय र पशुस्वास्थ्य सेवामा रेबिज रोगको सचेतनामूलक कार्यक्रम सञ्चालन गरी खोप सेवाको पहुँच अभिवृद्धि गर्नुपर्नेमा उनको जोड थियो ।

कार्यक्रममा प्रस्तुतिकरण गर्दै रेबिज रोग लागेका जनावरको न्यालबाट सर्ने प्राणघातक रोग रेबिज नेपालमा हरेक वर्ष करिब एक सय नयाँ बिरामीमा देखिने गरेको निर्देशनालयकी पशु विकास अधिकृत डा. सलिना श्रेष्ठले बताइन् । डा. श्रेष्ठका अनुसार, रेबिज लागेका जनावरमा लक्षण देखिएपछि सात दिनभित्र मृत्यु हुने गर्छ । टोकेको, चाटेको वा न्याल पर्न पुगेको अवस्थामा मानिस वा अन्य जनावरलाई रेबिज सर्न सक्ने भएकाले तत्कालै सतर्कता आवश्यक हुन्छ ।

शंकास्पद जनावरले टोकेमा वा चाटेमा घाउलाई १० देखि १५ मिनेटसम्म साबुनपानीले सफा गर्नुपर्ने र तुरुन्त रेबिजविरुद्धको खोप लगाउनुपर्ने सुझाव उनले दिइन् । प्रस्तुतीका क्रममा चिकित्सकहरुले रेबिज लागिसकेपछि उपचार सम्भव नहुने भएकाले खोपमार्फत् मात्र बच्न सकिने बताएका छन् । विशेषत: अन्य जनावरमध्ये कुकुरबाट धेरै रेबिज रोग अन्यन्त्र सर्ने गरेको पाइएको छ ।

नेपाल सरकारले सन् २०३० सम्म रेबिजबाट हुने मृत्युदर शून्यमा झार्ने लक्ष्य लिएको छ । सप्ताहव्यापी कार्यक्रमका अवसरमा विद्यालयस्तरमा रेबिज रोगबारे सचेतना फैलाउन निर्देशनालयले गत असोज ७ मा विद्यालयमा अध्ययनरत विद्यार्थीलाई रेविज रोग: परिचय प्रकोप र नियन्त्रण विषयक निवन्धनलेखन प्रतियोगिताको आयोजना गरेको थियो । निर्देशनालयले प्रतियागितामा उत्कृष्ट नतिजा हाँसिल गर्ने पाँचजना विद्यार्थीलाई पुरस्कृत गरेको छ ।

## हेटौंडाको ४ नं. वडामा सेवा सुचारु

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडा उपमहानगरपालिका-४ नं. वडा कार्यालय क्षतिग्रस्त भएपछि रोकिएको सेवा बुधबारबाट पुन: सुचारु गरेको छ ।

बुधबार वडा कार्यालयले आन्दोलनको क्रममा भएको क्षतिको विवरण सार्वजनिक र चार्डपर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रमको आयोजना गरेको थियो । आन्दोलनको क्रममा आगजनीबाट वडा कार्यालयको कम्प्युटर पाँच थान, स्क्यान र प्रिन्टर ७ थान, ल्याप्टप २ थान, मोटरसाइकल १ थान र दराज, टेबल, कुर्सी, फ्रिज, सोफा, बायोमेट्रिक्स मेसिन जलेर पूर्णरुपमा क्षति भएको वडाध्यक्ष नवीन सिग्देलले जानकारी दिए । प्रशासन, लेखा, योजना लगायतका फाइलसहितको कागजात सबै जलेर पूर्णरुपमा नष्ट भएको उनले बताए ।

'देशैभरि भएको क्षति दु:खद हो, वडा कार्यालय, स्वास्थ्य कार्यालयमा क्षति पुग्दा सेवाप्रवाह प्रभावित भएको छ, शून्य अवस्थामा वडा कार्यालय छ, छोटो समयमा न्यूनतम आवश्यक स्रोतसाधन जुटाएर वडाको सेवा वडावासीसम्म प्रवाह गर्दैछौं,' वडाध्यक्ष सिग्देलले भने । जस्तोसुकै संकटमा पनि एकढिक्का भएर अगाडि बढ्न कार्यालयको व्यवस्थापन गरेर सेवाप्रवाह सुरु गरिएको उनले बताए । कार्यक्रममा वडाध्यक्ष सहित स्थानीयवासी, राजनीतिक दलका प्रतिनिधि, सञ्चारकर्मी लगायत सहभागिता रहेको थियो । यसअघि आन्दोलनका कारण सेवाप्रवाह प्रभावित बनेका हेटौंडा उपमहानगरका ३, ११ र १९ नं. वडालाई टोल विकास संस्था नगरसमन्वय समितिले कम्प्युटर हस्तान्तरण गरेको थियो ।



साझाकुरा

## हाम्रो कुरा

# १० भवन प्रयोग गर्न अयोग्य

२०७२ को आमबिनाशकारी भूकम्पका कारण क्षति भएका सबै संरचना पुनिर्माण सक्न नपाउँदै जेनजी आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त बागमती प्रदेश सरकारका मन्त्रालय र प्रदेशसभा भवन तत्काल प्रयोग गर्न अयोग्य देखिएका छन् । भौतिक पूर्वाधार विकास मन्त्रालयले गरेको प्राविधिक परीक्षणपछिको प्रारम्भिक नतिजाअनुसार ११ वटा क्षतिग्रस्त भवनमध्ये १० वटा तत्कालका लागि अयोग्य देखिएको मन्त्रालयका सूचना अधिकारी इन्जिनियर वासुदेव दाहालले जानकारी दिए । भौतिक पूर्वाधार विकास मन्त्रालयको अगुवाइमा विज्ञसहितको टोलीले हेटौंडास्थित विभिन्न मन्त्रालय, प्रदेशसभा हल, कार्यालय र निकायका भवनको प्राविधिक मूल्यांकन गरेको थियो । मन्त्रालयका अनुसार प्राविधिकटोलीले आधुनिक उपकरण प्रयोग गरी ११ वटा क्षतिग्रस्त भवनको जाँचबुझ गरेको हो । क्षतिग्रस्त भवनको प्राविधिक अवस्था बताउन पहेंलो, हरियो र रातो गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ । यी भवनलाई तत्काल प्रयोग गर्न मिल्ने हरियो, मर्मतपछि प्रयोग गर्न मिल्ने पहेंलो र पूर्णरुपमा असुरक्षित तथा पुनर्निनिर्माण गर्नुपर्ने रातो गरी तीन श्रेणीमा वर्गीकरण गरिएको छ ।

परीक्षण गरिएका संरचनामध्ये २ वटा रेडजोन, ८ वटा एल्लोजोन र एउटा भवन ग्रिनजोनमा सूचीकृत भएका छन् । ग्रिनजोन अर्थात् तत्काल बस्न मिल्ने अवस्थामा आन्तरिक मामिला तथा कानुन मन्त्रालयको भवन रहेको छ । रेडजोन अर्थात् पुननिर्माण पश्चात् मात्रै प्रयोग गर्नुपर्ने अवस्थामा बागमती प्रदेशसभाको भवन र सहरी विकास तथा भवन कार्यालय मकवानपुरको भवन परेको छ । सहरी विकासको भवन २०७२ को भूकम्पपछि पनि रातो स्टिकर टाँसिएको थियो । एउटै भवन दुईपटक रेड जोनमा परेको छ । प्रदेशसभाको पुरानो र नवनिर्मित दुवै भवन आगजनीले ध्वस्त भएका छन् । प्रदेशसभा सचिवालय तत्कालीन क्षेत्रीय शिक्षा निर्देशनालयको भवनमा बस्दै आएको थियो । आगजनीका कारण भवन पूर्णरुपमा चर्किएको थियो । इन्जिनियर दाहालले यी दुई भवन पुनर्निनिर्माण गर्नुको विकल्प नभएको जानकारी दिए । हेटौंडा उपमहानगरपालिका-१ स्थित चारवटा मन्त्रालय राखिएको भवन तत्काल बस्न अयोग्य देखिएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय, कृषि तथा पशुपन्छी मन्त्रालय खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयको ठूलो भवन एल्लो जोनमा परेका छन् । प्रदेश सरकार स्थापना अगाडि नै यातायात कार्यालयका लागि बनाइएको यो भवनमा चार मन्त्रालय सञ्चालन हुँदै आएका थिए । यसबाहेक, मुख्यमन्त्री कार्यालयको सभाहल, सहकारी तथा गरिबी निवारण मन्त्रालय, प्रदेशप्रमुख सचिव निवास, सामाजिक विकास मन्त्रालयको 'बी' ब्लक, प्रदेशसभा सचिवालयको 'डी' ब्लक र बागमती विश्वविद्यालयको बोर्ड अफ ट्रस्टीको कार्यालय पनि एल्लो जोनमा रहेको जानकारी दिइएको छ । पहिलोचरणमा हेटौंडाका प्रादेशिक भवनको निरीक्षण सकिएको छ ।

अब टोलीले प्रदेश मातहतका जिल्लाका प्रादेशिक कार्यालयको पनि प्राविधिक जाँच गर्ने जनाइएको छ । पहेंलो र हरियो स्टिकर लागेका भवनमा जतिसक्दो छिटो मर्मत गरेर सेवा सञ्चालन गरिने भौतिक पूर्वाधार विकास मन्त्रालयले बताएको छ । रेडजोनमा परेका दुई भवन, जसमा नयाँ बनेको प्रदेश सभाहलसमेत भत्काएर नयाँ नै बनाउनुपर्ने बताइएको छ । मर्मत र पुनर्निर्माणको अवधिमा अत्यावश्यक सेवालाई अन्य सुरक्षित भवनबाट अस्थायीरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ । मन्त्रालयको भवन पुनर्निर्माण पहिलो प्राथमिकता भएको तर, तत्कालका लागि सेवाप्रवाह नरोकिने बताइउको छ । क्षतिको मूल्यांकन, पुनर्निर्माण र स्रोत व्यवस्थापनका लागि भौतिक पूर्वाधार विकास मन्त्री डा.दिनेशचन्द्र देवकोटाको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरिएको छ । प्राविधिकटोलीले तयार पारेको क्षति मूल्यांकन प्रतिवेदनलाई सचिवस्तरीय कार्यदलले अध्ययन गरी सिफारिस सहित मन्त्रीस्तरीय समितिमा पेस गर्नेछ । सोही समितिको प्रतिवेदनका आधारमा पुनर्निर्माणको काम र बजेटको अन्तिम टुंगो लाग्ने मन्त्रालयले जनाएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

साझाकुरा

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ असोज १० गते शुक्रबार २६ सेप्टेम्बर २०२५ । चतुर्थी, आश्विन शुक्लपक्ष । कौलाथ्व ११४५ ने.सं. । सूर्योदय ५:५४ सूर्यास्त ५:५४ । अन्तर्राष्ट्रिय परमाणु हतियार निर्मूल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : काममा सफलता हात पर्ने | **तुला** | : मांगलिक कार्य सम्पादन |
| **वृष** | : अपजस पाइने | **वृश्चिक** | : उपचारमा खर्च बढ्ने |
| **मिथुन** | : बौद्धिक कार्यमा वाधा | **धनु** | : मानमर्यादाको वृद्धि |
| **कर्कट** | : व्यवसायमा विवाद | **मकर** | : नवीन कार्ययोजनामा लगानी |
| **सिंह** | : मानसिक अशान्ति | **कुम्भ** | : आलोचनामा वृद्धि |
| **कन्या** | : कार्यमा ढिलाइ | **मीन** | : यात्रामा अवरोध |

# जेनजी आन्दोलनप्रति एक जेनजीको बागी वक्तव्य



✍कन्चन बस्नेत

**एक वाक्यमा भन्नु पर्दा राजनीतिप्रतिको परनिर्भरता नै संस्कृतिको क्षय हुँदै गरेको समाजको चारित्रिक विशेषता हो।**

जेनजी आन्दोलनले हाम्रो देशमा व्याप्त कुरूप र बीभत्स राजनीति हटाएर निर्माण गरेको एउटा अवस्थामा उसले आगामी भविष्य सकारात्मक दिशामा लैजाला या लैजान नसक्ला भन्ने विषय अत्यन्त चर्चामा रहेको छ । मेयर बालेन्द्र, जेनजी, हामी नेपाल, पुराना दल, रास्वपा जस्ता राजनीति विषयवस्तु समाचारलाई तताउने विषय बनेका छन् । तर यस्ता राजनीति परिवर्तनले खासै आश्चर्य प्रदान नगर्ने र सदैव राजनीतिप्रतिको सन्देहमा निर्विवाद विश्वास गर्ने पङ्क्तिकारलाई भने यी यावत् विषयहरूको गन्थन मन्थन जरामा पुग्न नसकी हाँगापात छिमल्ने छलकर्म मात्र भइरहेको लाग्छ ।

हुनत पङ्क्तिकारको यस विषयमा कुनै पक्षधरता नभएको होइन र आफ्नो पक्षलाई पुष्टि गर्ने तर्कको अभाव पनि भएको होइन । हरेक सङ्कटको बखतमा पनि निष्पक्ष बस्नु पापकर्म नै हो । तर एउटै वृत्तमा सदैव घुमिरहने र उही विन्दुहरूमा समय-समयमा अड्किरहनुपर्ने विवशताले अत्यन्त कालो निराशा प्रदान गर्ने रहेछ । क्षण-क्षणमा सेलाउने र क्षण-क्षणमा उम्लिरहनुको आततायी शृंखलाले हामीलाई राजनीतिको आत्यन्तिक दोष बुझ्न अझै पनि सिकाएन । धर्मराज युधिष्ठिरलाई यक्षले अन्तिम प्रश्नको रूपमा संसारको सर्वोपरि आश्चर्यको बारेमा सोधेका थिए । संसारमा जन्म र मृत्युको शृंखला आफ्नै अगाडि मञ्चित भइरहँदा पनि मृत्युलाई आफ्नो स्थितिबाट अत्यन्त टाढा देखिरहने मनुष्यको साझा प्रवृत्ति नै सर्वोपरि आश्चर्यको विषय हो भनेर युधिष्ठिरले उत्तर दिएका थिए ।

युधिष्ठिरले उत्तरमा बताएका मनुष्यहरू राजनीतिमा अत्यधिक विश्वास गर्ने हामी नै पनि हुन सक्छौं । राजनीतिका यावत् छल र षड्यन्त्र अवलोकन गर्नुका बाबजुद पनि हामी पुन: सोही छल र षड्यन्त्रमा हाम्रो समस्याका समाधान खोजिरहेका हुन्छौं- यो पनि कम आश्चर्यको कुरा होइन । हाम्रो दरिद्रता, अभाव, सङ्कट र अक्षमतामा कुनै न कुनै राजनीतिले सदैव आफू माथि चढ्ने सिंढी बनाएको छ र आशा र नैराश्यको सीमारेखामा लामो समय अलमल्याइराखेको छ, मानिस जातिलाई शत्रु र मित्रमा विभक्त बनाउँदै आफ्नो साधन बनाएको छ । यसका बाबजुद पनि हामी राजनीतिमाथि आफ्नो विश्वास देखाउन छाड्दैनौं या विश्वास गर्न अभिशप्त छौं ।

पत्रपत्रिका र श्रव्यदृश्य मिडियामा खासै चर्चामा नआउने बुद्धिजीवीवर्ग राजनीतिक सङ्कटको समयमा भने अत्यन्त चर्चामा हुन्छन् । भुमरीमा रनभुल्ल परेको अवस्थामा अन्तिम आशाको किरणको रूपमा बौद्धिक वर्गतिर आँखा डुलाउनु हाम्रो पुरानै अभ्यास हो । यिनै बुद्धिजीवीका लेख, स्टाटस र अन्तर्वार्ता छ्याप्छ्यापती प्राप्त हुन थालेपछि छद्म बौद्धिक र ठेट्ना बुद्धिजीवीहरू हाइवरनेसनबाटै तङ्गिन थालेका छन् ।

विद्यमान समस्याको जरा पल्टाउने उत्तरदायित्वबाट पन्छिदै बहुप्रिय व्यक्तित्व बनेर वाहवाही लुट्ने आन्तरिक लोभ संवरण गर्न नसक्ने यस्ता बुद्धिजीवीहरू अन्य कुनै लेखहरूमा व्यङ्ग्य या ट्रोल गरिन योग्य पात्रता बोकेका छन् । नेपालको सन्दर्भमा अहिलेको समयमा पङ्क्तिकारले लोकतन्त्रको विकल्प नदेखेर मात्र लोकतन्त्रको पक्षमा उभिन बाध्य छ र उसको जोड आजसम्म संयन्त्र बनेर रहेका संस्थाहरूलाई परिवर्तन गर्न स्पष्ट विचारधारा सहितको राजनीतिक दल हुनुपर्छ भन्ने छ । तर यसलाई म अन्तिम समाधानको रूपमा मान्न कुनै पनि हालतमा तयार छैन ।

राजनीतिको अभ्यास, अनुभव वा अध्ययन नभएका नागरिकहरू अहिलेको समयमा त कमै होलान् । सही र गलतलाई प्राथमिकतामा नराखी वाक्पटुतालाई नै नेतृत्वको लक्षणको रूपमा लिने आम जनविश्वासलाई हेर्दा हाम्रो राजनीतिक सुझबुझलाई प्रश्न गर्न सकिने ठाउँहरू पनि प्रशस्त छन् । यस्तै प्रकारका गलत आधार युक्त विश्वासले गर्दा हामीले राजनीतिबाट पटक-पटक धोका पनि खाएका छौं । अनुभव मात्रले ज्ञान दिन सक्दैन, अनुभव निचोरेर ज्ञान प्राप्त गर्ने क्षमता अझै पनि हामीले सिक्न सकेका छैनौं ।

त्यसकारण राजनीतिबाट भएको विश्वासघातलाई विस्मरणको अँध्यारो कुनामा घोप्ट्याएर राजनीतिकै शरणमा जाने बुद्धिजीवीहरू असंख्य छन् । हुन पनि आफ्नो बुद्धि बेचेर नै जीविकोपार्जन गर्ने भएकाले बुद्धिजीवीहरूको कुरा अक्षरश: पत्याउनु एक हिसाबले खतरा मोल्नु पनि हो । त्यसमाथि शास्त्रीयताबाट अद्यापि मुक्त हुन नसकेका, वास्तविक धरातलबाट असम्पृक्त बुद्धिजीवीहरू माथि त झन् सन्देह गर्नुपर्ने आवश्यकता आइपरेको छ ।

हिन्दी साहित्यका विश्लेषक एवम् प्रोफेसर रामेश्वर रायले एउटा मञ्चमा गान्धी विषयक मन्तव्य दिने क्रममा एउटा गम्भीर विषय उठाएका थिए । नागरिकहरू आफ्नो कर्तव्य र नैतिकताबाट विस्तारै च्यूत हुँदै जाने क्रममा आत्मालोचनाको सट्टा राजनीति आलोचना गर्ने सहज मार्ग चयन गर्ने गर्छन् । जुन समाज आफ्नो दृढ मूल्य, मान्यता र नीतिबाट खस्कँदै जान्छ, त्यति नै राजनीतिप्रति आक्रोश पोख्दै जान्छ । एक वाक्यमा भन्नु पर्दा राजनीतिप्रतिको परनिर्भरता नै संस्कृतिको क्षय हुँदै गरेको समाजको चारित्रिक विशेषता हो ।

जब लोकतन्त्रको नाममा बहुतन्त्रको अभ्यास तीव्र हुन थाल्छ नागरिकहरूले राजनीति भन्दा अन्यत्र शक्तिको स्रोत देख्नै छाड्छन् । यस्तो समाजमा एउटा वयमा खुट्टा टेकिसकेपछि नेता बन्नु भनेको सर्वशक्तिशाली बन्नु हो भन्ने मानसिकता निर्माण हुनु स्वाभाविक मानिन्छ । त्यसपश्चात् हाम्रो विज्ञान, कला, साहित्य, सृजना, शिक्षा, पत्रकारिता जस्ता क्षेत्रहरू उपेक्षित बन्न जान्छन् । जबसम्म यी उपेक्षित क्षेत्रहरूमा कतिसम्म शक्ति सङ्गहित र प्रवाहित हुन सक्छन् भन्ने सम्भावनामा विश्वास हुँदैन तबसम्म राजनीति प्रदूषित नै रहन्छ - यो सदा सत्य वचन हो । आफ्नो परिश्रम र प्रतिभाबाट यी उपेक्षित क्षेत्रलाई समृद्ध बनाउँदा ठूलो शक्ति आफ्नो हातमा आउन जान्छ भन्ने कुरा लगभग सबैले नै बिर्सिए ।

सुन्दा सामान्य प्रतीत भएतापनि यो विषय सबै किसिमको बौद्धिक वृत्तबाट सधैं छुट्दै आएको छ । हामीले सधैं विरक्त भावमा भन्ने गरेका छौं- नेताहरू नेता जस्तै भएनन् । आफ्नो अधिकार र स्वतन्त्रताको विषय उठ्नासाथ जुर्मुराउने तर कर्तव्य निभाउन पछि हेरिरहने व्यक्तिहरूको चिन्तन भित्र म जनता हुन जाने कि नजाने भनेर प्रश्न गर्ने साहस कहिल्यै पनि पलाएन ।

पङ्क्तिकार यो कुरामा असाध्य जोड दिएर भन्छ कि हामी राज्यको लागि जनता होइनौं केवल सेवाग्राही हौं र राजनीतिक दलले हामीलाई सेवा दिएबापत हामीबाट मत लैजान्छ । सेवाग्राहीको मनोवृत्ति समाजका समस्यामा भन्दा पनि आफूले पाउने सेवा-सुविधामा केन्द्रित हुन्छ, व्यक्तिवादी प्रवृत्ति हावी हुन्छ । व्यक्तिवादी प्रवृत्ति हावी भएको राजनीतिले कुनै व्यक्ति वा समूहको समस्यालाई राष्ट्रिय समस्याको रूपमा हेर्न सक्दैन ।

यस्तो सङ्कटको बखतमा इतिहासमा यस्तो भएको थियो, विश्वराजनीतिमा यस्ता यस्ता घटनाहरू घटेका थिए, नेपालमा जेनजी आन्दोलनको उद्‌गम र परिणाम जस्ता विषय व्यापारिक मूल्य बोकेका विषय हुन् । तर इतिहासको त्रासदी कोट्याइरहने तर त्यसबाट कुनै सिकाइ ग्रहण नगर्ने पाखण्डी प्रवृत्ति हाम्रो साझा रोग हो । राजनीतिको बदला र ाजनीतिको ह्याङओभरबाट शायद हामी कहिल्यै पनि मुक्त हुनेछैनौं । हामी थकित र अक्षम व्यक्तिहरू हौं, हामी आत्मालोचनाबाट परपर भाग्ने मानिस हौं त्यसकारण हाम्रो हल पनि छैन, दल मात्र छ ।

जेनजी आन्दोलनले निम्त्याएका परिणामबाट सकारात्मक प्रभावको अपेक्षा गर्न सकिएला, नसकिएला यस्ता विषयहरू उठान हुन्छन् र भइरहनेछन् । यस्ता विचार र विश्लेषणबाट समय-समयमा अलग्गै बसेर स्वतन्त्र तवरले आत्मालोचनाको सुरुवात गर्नुपर्ने हुन्छ । लोकतन्त्र भनेको जनताको शासन हो र उत्तर दायित्वको बोध विना शासनशक्तिको परि कल्पनासम्म गर्न पनि सकिँदैन ।

हामीले आफूले आफैंलाई फर्किएर हेरौं- जनताको शासन प्रणाली भएको देशमा हामी हरेक कोणबाट निष्क्रिय भएर हामीले राजनीतिबाट अनावश्यक अपेक्षा त गरेनौं ? राजनीति पनि त मानवीय सोचको उपज हो, त्यसकारण राजनीति आफैंमा मानवनिरपेक्ष सर्वोन्नत शक्ति त होइन । त्यसकारण हामीले हाम्रो नैतिकता, स्वाभिमान, मूल्य र मान्यताहरूद्वारा हाम्रो समाजलाई पोषित गरेर राजनीतिमा सुधार ल्याउन सक्छौं ।

अन्तिममा, यस्तो राजनीतिक परनिर्भरताको विकल्प के त ? एउटा यस्तो प्रवृत्तिको विकास जसले जीवनका अन्य विविध पक्षमा शक्तिको खोज गर्छ । विज्ञान, कला, दर्शन, शिक्षण जस्ता आयाममा शक्ति देख्दछ । एउटा यस्तो दृष्टिकोण जसले चैतन्य मिश्र, अभि सुवेदी, सीके लाल, खगेन्द्र संग्रौला, उदयराज खनाल, लक्ष्मीप्रसाद देवकोटा, लैनसिं बाङ्देल, नारायणगोपाल जस्ता व्यक्तित्वहरूलाई आफ्नो आदर्श मान्छ र राजनीति भन्दा ठूलो शक्तिको स्रोतको रूपमा देख्छ ।

*(साभार: अनलाइनखबर)*

# नेपालको राजनीतिक यात्रा : अधुरा क्रान्तिदेखि पुनर्जागरणसम्म ?

✍ डा. चूडाप्रसाद ढकाल

**यो एक "नेटवर्कयुक्त क्रान्ति"को नयाँ युग हो, जहाँ प्रत्येक सहभागी आफैं एक विचार-केन्द्र बनेको छ र परम्परागत नेतृत्वको आवश्यकता उल्लेखनीय रूपमा घटेको छ ।**

नेपालको राजनीतिक इतिहासमा एउटा स्पष्ट ढाँचा देखिन्छ । प्रत्येक दशकमा एउटा ठूलो आन्दोलन हुन्छ, व्यवस्था परिवर्तन हुन्छ, नयाँ नेताहरू उदाउँछन् र ठूला परिवर्तनका वाचा गरिन्छन् तर त्यसपछि परिणाम अपेक्षित रूपमा नआउँदा फेरि जनतामा निराशा फैलिन्छ र नयाँ आन्दोलनको बिउ रोपिन्छ ।

आज फेरि युवा सडकमा छन् । यसपालि के फरक हुनेछ ? के यो इतिहासको एक दोहोरिने प्रक्रिया मात्र हो, वा नेपालको राजनीतिक यात्रामा एउटा वास्तविक र दिगो परिवर्तनको सुरुवात ? यो प्रश्न केवल राजनीतिक होइन, यो एक गहिरो दार्शनिक र सांस्कृतिक प्रश्न पनि हो, किनभने नेपालको हरेक पुस्ताले आफ्ना पुर्खाको अधुरो सपनालाई पूरा गर्ने ऐतिहासिक भारीको जिम्मेवारी बोकेको छ ।

हाम्रो राजनीतिक इतिहासलाई फर्केर हेर्दा यस चक्रीय ढाँचालाई स्पष्ट रूपमा बुझ्न सकिन्छ । २००७ सालको क्रान्तिले १०४ वर्ष लामो निरंकुश राणाशासनको अन्त्य गरेर प्रजातन्त्रको जग बसाल्यो । त्यस समयमा शिक्षितहरूको संख्या न्यून, सञ्चारमाध्यमको अभाव र राजनीतिक चेतनाको कमीजस्ता कारणले प्रजातन्त्र संस्थागत हुन सकेन र राजा महेन्द्रले २०१७ सालमा यसलाई पूर्ण रूपमा कुल्चिए । यद्यपि त्यो अधुरो क्रान्तिले नेपालीलाई एउटा बेजोड पाठ सिकायो– राजनीतिक अधिकार माग्ने होइन, खोसेर लिनुपर्छ ।

२०४६ सालको जनआन्दोलनले निरंकुश पञ्चायती व्यवस्थाको अन्त्य गरेर बहुदलीय व्यवस्था पुन: स्थापना गर्‍यो । यस आन्दोलनपछि पनि राजनीतिक दलहरूको इमानदारीको अभाव र कांग्रेस तथा एमालेबिचको निरन्तर शक्ति संघर्षले संसदीय लोकतन्त्रलाई अस्थिर बनायो । भ्रष्टाचारले चरम रूप लियो र जनताको आकांक्षा र नेताहरूको व्यवहारबिच गहिरो खाडल निर्मित भयो । यही असन्तोषको परिणामस्वरूप २०५२ सालदेखि माओवादी जनयुद्ध सुरु भयो, जसले १७ हजारभन्दा बढी मानिसको ज्यान लियो ।

यसलाई केवल हिंसाको रूपमा हेर्नु अन्याय हुनेछ, किनभने यो पुराना दलहरूको गम्भीर असफलताविरुद्ध उठेको जनक्रोधको आवाज थियो । यसै जनयुद्धको जगमा २०६२/६३ को दोस्रो जनआन्दोलन भयो । त्यसै आन्दोलनले नेपालको सबैभन्दा सफल राजनीतिक परिवर्तन गर्न सक्यो । यसले राजतन्त्रको अन्त्य, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समावेशिताजस्ता महत्त्वपूर्ण उपलब्धि हासिल गर्‍यो । संविधान सभाको निर्वाचनले पहिलोपटक सबै समुदायलाई प्रतिनिधित्व दियो । मधेसी, आदिवासी जनजाति, दलित र महिलाहरूको आवाज संसद्मा सुनिन्न थाले । यो ऐतिहासिक उपलब्धि थियो तर सत्तामा पुगेपछि परिवर्तनकारी शक्ति ठानिएका माओवादीहरू र अन्य प्रमुख दलहरू भ्रष्टाचार, पदलोलुपता र अवसरवादमा लिप्त भए । यसले जनतामा ठूलो निराशा पैदा गर्‍यो र आज हामी फेरि अर्को पुस्ताले यस्तै संघर्ष र बलिदानी गर्नुपरेको छ ।

आजको यो आन्दोलन अकस्मात् उत्पन्न भएको घटना होइनह बरु राजनीतिक विश्वासघात, गम्भीर आर्थिक संकट र राज्यका संस्थाहरूको चरम विफलताको संयुक्त परिणाम हो । तीन दशकको बलिदानपछि पनि सुशासन, पारदर्शिता र न्यायको वास्तविक अनुभूति भएन । संसद्मा गम्भीर बहस हुन छाडेर आरोप-प्रत्यारोप मात्र बढ्यो । प्रत्येक वर्ष करिब पाँच लाख २० हजारभन्दा बढी युवाले रोजगारीको खोजीमा विदेश जाने बाध्यता सिर्जना भयो, जसले नेपाललाई मुख्यत: एक उपभोक्ता मुलुकमा परिणत गर्‍यो । विश्वविद्यालय, न्यायपालिका, प्रहरी र प्रशासनजस्ता सबै संस्थामा राजनीतिक हस्तक्षेपका कारण जनतामा गहिरो असन्तोष बढ्यो । यसैबिच जेन-जी (सन् १९९७ देखि २०१२ सम्म जन्मेको पुस्ता) ले लोकतन्त्रलाई केवल शासन प्रणाली नभएर आफ्नो व्यक्तिगत पहिचान र भावी सम्भावनासँग जोडेर हेरेको छ । उनीहरूका लागि स्वतन्त्रता मौलिक अधिकार हो, कुनै विशेषाधिकार होइन । यही सांस्कृतिक जागरणले यो आन्दोलनलाई एक नयाँ आयाम दिएको छ ।

आजका युवाले डिजिटल माध्यमलाई एक शक्तिशाली राजनीतिक हतियारका रूपमा प्रयोग गरेका छन् । फेसबुक, टिकटक र ट्विटर जस्ता सामाजिक सञ्जालमार्फत उनीहरूले आफ्ना मुद्दालाई तुरुन्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय एजेन्डा बनाउन सकिरहेका छन् । परम्परागत मिडियाको ढिलो र सीमित पहुँचको विपरीत सामाजिक सञ्जालले उनीहरूलाई प्रत्यक्ष संवादको व्यापक अवसर दिएको छ । यो एक 'नेटवर्कयुक्त क्रान्ति'को नयाँ युग हो, जहाँ प्रत्येक सहभागी आफैं एक विचार-केन्द्र बनेको छ र परम्परागत नेतृत्वको आवश्यकता उल्लेखनीय रूपमा घटेको छ । यो क्रान्ति अत्यन्त शक्तिशाली छ तर जोखिमपूर्ण पनि छ । यस पुस्ताको सबैभन्दा ठूलो शक्ति भनेको प्रश्न सोध्ने क्षमता हो । उनीहरू केवल स्वीकार गर्दैनन्, 'सत्य के हो ?' भनेर निरन्तर खोज्छन् । उनीहरू परम्परागत अधिकारलाई चुनौती दिन्छन् र स्थापित मान्यतालाई प्रश्न गर्छन् । यस आन्दोलनमा केही सीमा पनि स्पष्ट छन् । एकै उमेर-समूहमा केन्द्रित भएकाले संगठन र दीर्घकालीन नेतृत्वमा चुनौती आउन सक्छ । उनीहरूमा जोश छ तर विचार निर्माण हुने सम्भावना र अनुभवको कमी छ । तत्काल परिणाम चाहने प्रवृत्तिले कहिलेकाहीँ धैर्यताको परीक्षा गर्छ ।

सामाजिक सञ्जालको युगमा अर्को महत्त्वपूर्ण जोखिम छ, त्यो हो, सत्य र असत्यबिचको सीमा धुमिल हुने प्रवृत्ति । जानकारीको तीव्र प्रवाहले सजगता बढाए पनि भ्रम र प्रचार पनि समान गतिमा फैलिन्छ । यसले समाजमा 'इको चेम्बर' (आफूजस्तै सोच्नेहरूसँग मात्र कुरा गर्ने प्रवृत्ति) को गम्भीर समस्या निम्त्याउँछ, ध्रुवीकरण बढाउँछ र स्वस्थ संवादको संस्कृतिलाई घटाउँछ । यसका साथै नेतृत्वको अभाव र संगठनात्मक संरचनाको कमीले गर्दा आन्दोलनको परिणाम तुरुन्त नआउँदा निराशा बढ्न सक्छ र केवल एक अस्थायी 'क्रोधको विस्फोट' मात्र हुने जोखिम रहन्छ । यसले नेपालको राजनीतिलाई अझ गहिरो अस्थिरतामा धकेल्न सक्छ ।

अब निर्णायक प्रश्न उठ्छ, यो आन्दोलन कहाँ जाने ? के यो पनि अघिल्लाजस्तै अधुरो रहनेछ ? त्यसको स्पष्ट जवाफ जेन-जीको आफ्नै हातमा छ । उनीहरूले आफूलाई 'परिवर्तनकारी' शक्तिका साथै 'निर्माणकर्ता' पनि प्रमाणित गर्नुपर्ने चुनौती छ । केवल विरोध गर्नु पर्याप्त छैन, ठोस र व्यावहारिक विकल्प प्रस्तुत गर्नुपर्छ । नाराभन्दा बढी गहिरो विचार, आरोपभन्दा बढी पारस्परिक सम्मान र भावनाभन्दा बढी तर्कपूर्ण र रचनात्मक बहसलाई प्राथमिकता दिनुपर्छ । यस पुस्ताले अनुभवी र विश्वसनीय मार्गदर्शकको खोजी गर्नुपर्छ । इतिहासका सफल आन्दोलनमा युवाको जोस र अनुभवीको विवेकको संयोजन देखिन्छ । नेपालमा पनि भ्रष्टाचारमा नमुछिएका, सिद्धान्तवादी र युवाहरूको आकांक्षा बुझ्न सक्ने व्यक्तित्व छन् । उनीहरूसँगको साझेदारीले आन्दोलनलाई दिशा र स्थायित्व दिन सक्छ । त्यसका लागि सडक आन्दोलनमा मात्र सीमित नभई युवाले संस्थाहरूभित्र काम गर्ने, नीति निर्माणमा वास्तविक योगदान पुर्‍याउने र दीर्घकालीन रणनीति बनाउने क्षमता विकास गर्नुपर्छ ।

यसरी हेर्दा नेपालको राजनीतिक यात्रा लामो र अत्यन्त कष्टकर छ तर आजको युवा पुस्ताले अधुरा क्रान्तिको दुष्चक्र तोड्ने ऐतिहासिक अवसर पाएको छ । उनीहरूसँग अपार शक्ति छ, दृढ संकल्प छ र आधुनिक प्रविधि छ । यद्यपि सफलताका लागि परिपक्व विवेक, आवश्यक धैर्य र प्रभावकारी रणनीतिक सोच पनि चाहिन्छ । उनीहरूले यी सबै गुणहरूको सफल संयोजन गर्न सके भने नेपालको राजनीतिक इतिहासमा सबैभन्दा महत्त्वपूर्ण अध्याय लेखिनेछ र त्यो हुनेछ– वास्तविक लोकतान्त्रिक पुनर्जागरणको अध्याय, जहाँ प्रत्येक नागरिक आफ्नो देशको भविष्य निर्माणमा सक्रिय र अर्थपूर्ण सहभागी बन्नेछन् । अन्यथा नेपाल फेरि त्यही अनन्त चक्रमा फस्नेछ– आन्दोलन, अपेक्षा, निराशा र पुन: आन्दोलनको दोहोर्‍याइमाह जहाँ हरेक नयाँ पुस्ताले आफ्ना पूर्वजकै भुलहरू दोहोर्‍याउने र समान पीडा भोग्ने बाध्यता हुनेछ ।


*(साभार: न्यूज अफ नेपाल)*

# सरकारी खर्च घटाउन चालु बजेटमा चलाइयो व्यापक कैँची

काठमाडौं/सरकारी खर्च घटाउन अर्थमन्त्री रामेश्वर खनालले चालु प्रकृतिको बजेटमा व्यापक कटौती गरेका छन् । पूँजीगत बजेटतर्फ खुद्रे आयोजनामा विनियोजन भएको बजेट रोक्का राख्ने निर्णय गरेका अर्थमन्त्री खनालले चालुतर्फ भने थुप्रै सुधारात्मक कटौती गरेका छन् । आन्दोलन अगाडिको सरकारले ल्याएको बजेटबाटै आगामी आवश्यकता पूरा गर्न खर्चको जोहो गर्नुपर्ने दबाबमा उनी छन् ।

आम निर्वाचन, पुनर्निर्माण र राहतका कार्यक्रममा स्रोतको खाँचो बढ्दै जाँदा खनालले अपेक्षित रूपमा चालु खर्चमा कटौती थालेका हुन् । उनले चालेका अधिकांश कदम अघिल्लो सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगका लागि आफैंले दिएका सुझावमा आधारित छन् । अर्थतन्त्रका समस्या नजिकबाट नियालेका खनालले जहाँ समस्या छन्, त्यहीँबाट उपचार समेत थालनी गरेका छन् । मन्त्रिपरिषद्को ५ असोजको बैठकले विकास आयोजनाको पुनर्प्राथमिकीकरण, अनुत्पादक खर्च कटौती र मितव्ययिता कायम गर्ने सम्बन्धमा विभिन्न निर्णय गरेको हो ।

अर्थमन्त्री खनालका अनुसार चालु र पूँजीगत प्रकृतिको बजेटमा गरिएको यो निर्णयबाट सरकारले १ खर्ब २० अर्ब रुपैयाँ हाराहारी स्रोत जोहो गर्न सक्ने सम्भावना छ । यसबाट सरकारले निर्वाचन र पुनर्निर्माणका काममा स्रोत खोज्न दबाब नहुने निष्कर्ष निकालेको छ । सरकारले यस वर्ष १९ खर्ब ६४ अर्ब रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ ।



### बैठक भत्ता र आवास सुविधा रकम कटौती

अब सार्वजनिक निकायका कर्मचारी र पदाधिकारीले नियमित कामका लागि बसेको बैठकको भत्ता पाउने छैनन् । कानुन बमोजिम गठन भएको समितिको काममा कार्यालय समय बाहेक बैठकको भने भत्ता पाउने निर्णय सरकारले गरेको छ । सरकारी, निजी वा परिवारको स्वामित्वमा रहेको आवास प्रयोग गर्ने पदाधिकारीले आवास सुविधा बापत रकम लिन पाउने छैनन् । सरकारी कार्यालयको आवश्यकता भन्दा बढी कोठा र सुविधा भएको घर बहालमा नलिने र सकेसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा घर बहालमा नलिने निर्णय समेत सरकारले गरेको छ । परामर्श सेवाका हकमा विद्यमान जनशक्तिबाट हुने काममा वाह्य सेवा परामर्शबाट काम नगराउने निर्णय सरकारले गरेको छ ।

### सरकारी संरचना बीमा गरिने

सरकारले सरकारी संरचना बीमा गर्ने काम थाल्ने निर्णय गरेको छ । जेनजी आन्दोलन क्रममा ठूलो मात्रामा सरकारी संरचना ध्वस्त भए । तर, बीमा नहुँदा यी संरचनाको पुनर्निर्माणको दायित्व शतप्रतिशत सरकारले बेहोर्नुपर्ने भएको छ । आन्दोलन क्रममा आगोमा जलेका कुर्सी, टेबुल, दराज, सोफा लगायत सामान अनावश्यक रहेका कार्यालयबाट लिएर उपयोग गर्न सकिने निर्णय समेत भएको छ ।

### दोहोरो संरचना खारेज, दरबन्दी थप नगर्ने

सरकारले अत्यावश्यक अवस्थामा प्राविधिक जनशक्ति बाहेक थप दरबन्दी सिर्जना नगर्ने निर्णय गरेको छ । विशेषज्ञ सेवामा दीर्घकालीन दायित्व सिर्जना नहुने गरी स्थायी दरबन्दी सट्टा सेवा परामर्श लिइने भएको छ । मन्त्रालयहरूले अब संक्षिप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी चुस्त, छरितो र मितव्ययी बनाउन आवश्यक संरचना र दरबन्दी शीघ्र घटाउने निर्णय समेत भएको छ । तीन वटै तहका सरकारमा दरबन्दी बाहेक अस्थायी र करारमा अब कर्मचारी राख्न पाइने छैन ।

अतिविशिष्ट पदाधिकारी बाहेक मन्त्री र अन्य पदाधिकारीले समेत अब सल्लाहकार नियुक्ति गर्न पाउने छैनन् । मन्त्रीभन्दा तलका पदमा रहने सांसद सहित पदाधिकारीको स्वकीय सचिवको सुविधा खारेज गरिएको छ । स्वकीय राख्न पाउने पदाधिकारीका हकमा सचिवालयमा बढीमा तीन जनामात्र नियुक्त हुन सक्ने गरी संख्या तोकिएको छ ।

### विदेश भ्रमणमा तोकियो संख्या

अब सरकारी खर्चमा अनावश्यक तालिम, गोष्ठी, सेमिनार नहुने भएका छन् । गर्नै परे सरकारी हल र अनलाइन माध्यममा गर्नुपर्ने भएको छ । सरकारी खर्चमा अत्यावश्यक बाहेक विदेश भ्रमणमा रोक लगाइने भएको छ । नेपाल सरकारको प्रतिनिधित्व सम्बन्धित नियोगबाटै हुने भए सोही नियोगलाई अख्तियारी दिने निर्णय समेत सरकारले गरेको छ । राष्ट्र प्रमुख वा सरकार प्रमुखको नेतृत्वमा अनिवार्य सहभागी हुनुपर्ने कार्यक्रममा भने बढीमा १० जनामात्र सहभागी हुन सक्ने गरी निर्णय भएको छ ।

### प्रधानमन्त्री कार्यालयबाट गृह र अर्थमा ल्याइयो विभाग

सरकारले राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत फिर्ता गरेको छ । राजस्व अनुसन्धान विभाग र शुद्धीकरण विभागलाई समेत अर्थ मन्त्रालय मातहत फिर्ता गरिएको छ । यी निकाय तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले प्रधानमन्त्री कार्यालय मातहत लगेका थिए ।

### प्रतिफल नदिने संस्थानमा सरकारले थप लगानी नगर्ने

सरकारले अब प्रतिफलयुक्त आयोजना, वैदेशिक सहायताबाट सञ्चालित आयोजना र नागरिकप्रति दायित्व बहन गर्नुपर्ने विषयका आयोजनाका लागि मात्र सार्वजनिक संस्थानमा सेयर तथा ऋण लगानी गर्ने भएको छ । आर्थिक अवस्था कमजोर भएका र सावाँब्याज तथा प्रतिफल दिन नसक्ने संस्थानमा अब सरकारले थप लगानी नगर्ने भएको छ । यसरी रोक्का गरिएको अवधिभरि यस्ता संस्थानले हकप्रद र एफपीओ समेत जारी गर्न पाउने छैनन् ।

### पदाधिकारीले एकभन्दा बढी गाडी नपाउने

सरकारले अब सरकारी सुविधामा गाडी दिने भनी तोकेका पदाधिकारीका हकमा एकभन्दा बढी गाडी सुविधा नदिने भएको छ । मन्त्रालयहरूले क्षति भएका गाडीका हकमा आफ्नो मातहत विभाग, निकाय र कार्यालयका गाडीबाट व्यवस्थापन गर्नुपर्ने भएको छ ।

राजनीतिक र प्रशासकीय पदाधिकारीको सुविधामा नयाँ सवारी साधन खरीद नगरी उपलब्ध साधनबाटै व्यवस्थापन गरिने भएको छ । सवारीसाधन सम्बन्धी व्यवस्थापनका लागि अब अर्थले छुट्टै मापदण्ड बनाउने भएको छ । निर्वाचन प्रयोजनका लागि भने अपुग सवारीसाधन खरिद हुने भएका छन् । सरकारी सवारीसाधनको पूर्ण निर्जीवन बीमा गरिने भएको छ ।

### प्रवक्ता सक्रिय हुनुपर्ने, अन्य नियुक्ति नपाइने

प्रेस समन्वयका लागि अब सम्बन्धित निकायका प्रवक्ता र सूचना अधिकारीहरू नै बढी सक्रिय हुनुपर्ने भएको छ । प्रेस समन्वयका लागि अतिरिक्त नियुक्ति खारेज गरिएको छ । स्वकीय सचिवालयको कार्यकक्ष अब मन्त्रालयमा नहुने भएको छ । सार्वजनिक संस्थानका प्रमुख पदमा तत्कालका लागि सरकारले आफ्ना स्थायी कर्मचारीलाई खटाउने भएको छ । महँगा इलेक्ट्रोनिक्स र विलासी सामान खरिद नगरिने भएको छ । ग्यास, साइकल, स्वास्थ्य बीमा शुल्क, विद्युत् महसुल भुक्तानी, ह्यान्डपम्प, साडी वितरण गर्न नपाइने गरी निर्णय भएको छ ।

### पूँजीगततर्फ स्रोत सहमति लिएर निर्माणाधीन आयोजना निरन्तर

सरकारले विगतमा स्रोत सहमति लिएर निर्माणको काम सुरु भइसकेका आयोजनालाई निरन्तरता दिएको छ । तर, पूँजीगत बजेटमध्ये मन्त्रालयगत बजेट सूचना प्रणालीमा नयाँ प्रविष्टि भएका, पूर्वतयारी नभएका र दोहोरो प्रविष्टि भएका कम महत्त्वका साना आयोजना रोक्का राखिएको छ । उद्देश्य बाहिर र कम महत्त्वका क्षेत्रमा रहेको बजेट समेत रोक्का राख्ने निर्णय सरकारले गरेको छ । भइपरी वा अन्य शीर्षकमा एकमुष्ट बजेट राखी आयोजना पहिचान भएको वा नभएको समेत बजेट रोक्का राखिएको छ ।

अब प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने गरी संघीय मन्त्रालयले राखेका टुक्रे आयोजना समेत रोक्का गरिएको छ । ठूला आयोजनामा भने निरन्तर बजेट उपलब्ध हुने भएको छ । नेपाल सरकारबाट सञ्चालन हुने, नेपाल सरकारबाट वित्तीय हस्तान्तरण भएका प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने १० लाखभन्दा बढीका आयोजना अब उपभोक्ता समितिबाट कार्यान्वयन गराउने पाइने छैन । आयोजना टुक्राएर समेत उपभोक्ता समितिबाट काम गराउने नपाइने निर्णय सरकारले गरेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# गत वर्षको दशैंमा नेपाली फिल्मको व्यापार ४० करोड, यसपालि कति होला ?




काठमाडौं/नेपाली फिल्म क्षेत्रका लागि २०८१ साल निकै महत्त्वपूर्ण रह्यो । किनभने, गत वर्ष नेपाली फिल्मले मात्र डेढ सय करोडको व्यापार गरे । त्यसमा ४६ करोड योगदान सर्वकालीन ब्लकबस्टर फिल्म 'पूर्ण बहादुरको सारङ्गी' एक्लैको थियो । दशैंमा प्रदर्शन भएका चार फिल्मले पनि करिब ४० करोडको व्यापार गरे । अर्थात् दशैं र तिहारमा मात्र नेपाली फिल्मले झन्डै ९० करोड कमाएका थिए ।

घटस्थापनमा रिलिज भएको 'बेहुली फ्रम मेघौली'ले ३ करोडमाथि कमाउँदा फूलपातीका तीन फिल्ममध्ये '१२ गाउँ'ले २० करोड, 'छक्का पञ्जा ४'ले १५ करोड र 'घर ज्वाइँ'ले डेढ करोड ग्रस कमाए । नेपाली फिल्मको इतिहासमै दशैं विदामा यति ठूलो व्यापार भएको यो पहिलो पटक हो । गत वर्षको दशैंमा भएको कमाइले यस वर्षको फूलपातीमा पनि फिल्म रिलिजको बाढी ल्याएको छ ।

यही असोज १३ (फूलपाती) मा 'माइतीघर', 'हरिबहादुरको जुत्ता', र 'बलिदान' गरी तीन फिल्म प्रदर्शन हुँदैछन् । यी तीन फिल्ममा कलाकारको लाइनअप बलियो हुनु र प्रचार सामग्री (ट्रेलर र गीत)ले दर्शकमा राम्रो प्रभाव पारेकाले दशैंमा सुखद व्यापार हुने अपेक्षा गरिएको छ । तर, भिडन्तका कारण शो र दर्शक बाँडिने हुँदा तीन फिल्मको व्यापार प्रभावित हुनसक्ने सम्भावना देखिन्छ ।

'माइतीघर' र 'हरिबहादुरको जुत्ता'को निर्माण लागत ३ करोडभन्दा माथि छ भने 'बलिदान' ५ करोडभन्दा बढी लागतमा बनेको हो । यसअर्थ यी तीन फिल्मले लगानी उठाउन २४-२५ करोड कमाउनु पर्नेछ । अघिल्लो दशैंमा भएको कमाइको आधारमा यो लक्ष्य टाढा छैन । तर, यसपालि 'जेनजी' आन्दोलनका कारण अवस्था फरक रहेकाले व्यापारबारे अनुमान लगाउन सकिने अवस्था छैन ।

# वरिष्ठ बलराम'को 'न्याउली वनैमा' गीतमा विजय र समृद्धिको रोमान्टिक नृत्य



काठमाडौं/भाइटीकाको दिन पारेर कात्तिक ६ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'वरिष्ठ बलराम'को पहिलो गीत 'न्याउली वनैमा' सार्वजनिक गरिएको छ । लोक शैलीमा आधारित यस गीतमा शान्तिश्री परियार र प्रशान्त सिवाकोटीको स्वर रहेको छ भने शब्द तथा संगीत गायक सिवाकोटी स्वयंको हो । प्रेमका भावना समेटिएको गीतमा हितैषी मायालाई मनमा राख्ने कुरा गरिएको छ ।

प्रदीप लामाको कोरियोग्राफी रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विजय बराल र समृद्धि अर्यालको आकर्षक नृत्य देख्न सकिन्छ । नेपाली संस्कृति झल्किने परम्परागत पोशाकमा सजिएका उनीहरू रोमान्टिक मूडमा देखिएका छन् । गीतमार्फत उनीहरूले एकअर्काप्रति प्रेमभाव प्रकट गर्दै मायाको संसार बसाउने आकांक्षा व्यक्त गरेका छन् ।

सुरेन्द्र पौडेलको निर्देशनमा बनेको 'वरिष्ठ बलराम'मा विजय र समृद्धिसहित दयाहाङ राई, पशुपति राई, माओत्से गुरुङ, भोलाराज सापकोटा, रामबाबु रेग्मी, प्रदीप कुमार चौधरी (पिके डन) लगायतको अभिनय रहेको छ । निर्देशक पौडेल स्वयंको कथा र सम्पादन रहेको फिल्मको पटकथा तथा संवाद महेश दवाडीले लेखेका हुन् ।

वृषभ सिद्धी इन्टरटेनमेन्टको प्रस्तुतिमा आन्भी फिल्मसको सहकार्य रहेको फिल्मका निर्माताहरू आशिष एच तामाङ र श्रीराज कार्की हुन् । मनकृष्ण महर्जनको छायांकन रहेको फिल्ममा प्रशान्त शिवाकोटीको संगीत, सम्राट बस्नेतको द्वन्द्व निर्देशन तथा प्रदीप लामाको नृत्य निर्देशन छ । सामाजिक कथावस्तुमा आधारित 'वरिष्ठ बलराम'को छायांकन चितवन जिल्लामा गरिएको हो ।

# 'पेन्सनपट्टा'मा भित्रिए गुरुङ फिल्मका स्टार विश्वास र माया

काठमाडौं/कलाकार माओत्से गुरुङको निर्देशनमा बन्न लागेको दोस्रो फिल्म 'पेन्सनपट्टा'मा गुरुङ फिल्मका दुई चर्चित कलाकार विश्वास गुरुङ र माया गुरुङ अनुबन्धित भएका छन् । निर्देशक गुरुङले दुवैसँग यसै साता लिखित सम्झौता गरेका हुन् । यसअघि फिल्मको मुख्य भूमिकामा अभिनेता दयाहाङ राई अनुबन्ध भइसकेका छन् ।

विश्वासले 'जुनी जुनी', 'तिमी नभए', 'म्हो', 'कुटुम्बेरी साइनो', 'फिच्यो', 'सिरसुवा' लगायतका गुरुङ फिल्ममा अभिनय गरेका छन् भने मायाले 'ह्युलै माया', 'च्यागी', 'घलेक' जस्ता फिल्ममा मुख्य भूमिका निभाएकी छन् । 'पेन्सनपट्टा'बाट मूलधारको फिल्ममा डेब्यु गर्न लागेका उनीहरु माओत्से गुरुङको निर्देशनमा काम गर्न उत्साहित देखिएका छन् ।

तिहारपछि छायांकन सुरु हुने फिल्मले लोभी केटा कसरी दानी बन्छ भन्ने कथा देखाउनेछ । माओत्से गुरुङ फिल्म्स ब्यानरमा बन्ने फिल्मको कथा निर्देशक गुरुङ स्वयंको हो । कास्की जिल्लाको पोखरा आसपासमा छायांकन हुने फिल्मलाई सुशन प्रजापतिले खिच्नेछन् । फिल्मको कास्टिङ डिरेक्टर सुरज तमु हुन् ।



माओत्से गुरुङले निर्देशन गरेको मूलधारको पहिलो फिल्म 'दयारानी' बक्स अफिसमा सफल भएको थियो । त्यसअघि उनले 'तिनागा', 'कृपा' जस्ता गुरुङ भाषाका फिल्म निर्देशन गरेका थिए । उनलाई गुरुङ फिल्मका 'गडफादर' समेत भन्ने गरिन्छ । गुरुङ र नेपाली भाषाको गरी एक सय बढी फिल्ममा अभिनय गरिसकेका उनको नयाँ फिल्म 'रिमै' यतिबेला हलमा प्रदर्शनरत छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# २७ खर्ब नाघ्यो सार्वजनिक ऋण, प्रतिव्यक्ति ऋणभार ९४ हजार

काठमाडौं/सार्वजनिक ऋणभार २७ खर्ब नाघेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्ष पहिलो दुई महिना (भदौ मसान्त) सम्म सार्वजनिक ऋण २७ खर्ब ४३ अर्ब ३७ करोड पुगेको हो । २०७८ सालको नेपालको जनसंख्या अनुसार भदौ मसान्तसम्म सार्वजनिक ऋणको प्रतिव्यक्ति भार ९४ हजार ६५ रुपैयाँ पुगेको छ । गत असार मसान्तसम्मको तथ्यांक अनुसार प्रतिव्यक्ति ऋणभार ९१ हजार ६ सय ८८ रुपैयाँ थियो ।




भदौ मसान्तसम्म आन्तरिक ऋण १२ खर्ब ८१ अर्ब ८२ करोड र वाह्य ऋण १४ खर्ब ६१ अर्ब ५४ करोड रुपैयाँ पुगेको छ । नेपालको सार्वजनिक ऋण कुल गार्हस्थ उत्पादन (जीडीपी) का आधारमा ४४.९२ प्रतिशत हाराहारी पुगेको छ । यसमध्ये आन्तरिक ऋण २०.९९ प्रतिशत र वाह्य ऋण २३.९३ प्रतिशत रहेको कार्यालयको आँकडा छ । आन्तरिक ऋण हिस्सा ४६.७२ प्रतिशत र वाह्य ऋण हिस्सा ५३.२८ प्रतिशत छ ।

### भदौसम्म कति पुग्यो सार्वजनिक ऋण ?

आन्तरिक ऋण : १२ खर्ब ८१ अर्ब
वाह्य ऋण : १४ खर्ब ६१ अर्ब
कुल : २७ खर्ब ४३ अर्ब

### नेपाली मुद्रा कमजोर हुँदा राज्यलाई भार

कार्यालयको तथ्यांक अनुसार सरकारले दुई महिनामा ७९ अर्ब १५ करोड बराबर सार्वजनिक ऋण उठाएको छ भने ६५ अर्ब ७ करोड सार्वजनिक ऋण भुक्तानी गरेको छ । तर, नेपाली मुद्रा कमजोर हुँदा त्यसले वाह्य ऋणमाथिको भार ह्वात्तै बढाएको देखिन्छ । भदौमा विनिमय दर उतारचढावले ५५ अर्ब २३ करोड दायित्व थप भएको छ । जसले गर्दा असार मसान्तसम्म २६ खर्ब ७४ अर्ब ४ करोड रुपैयाँ रहेको सार्वजनिक ऋण दुई महिनामै बढेर साढे २७ खर्ब नजिक पुगेको हो ।

### दुई महिनामै उठाइयो लक्ष्यको १३.२९ प्रतिशत ऋण

सरकारले चालु आव ५ खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ सार्वजनिक ऋण उठाउने लक्ष्य राखेको छ । यसमध्ये आन्तरिक ऋण ३ खर्ब ६२ अर्ब र वाह्य ऋण २ खर्ब ३३ अर्ब उठ्ने अनुमान छ ।

भदौसम्म सरकारले ७० अर्ब आन्तरिक ऋण उठाएको छ । वाह्य ऋण प्राप्ति भने ९ अर्ब १५ करोडमात्र प्राप्त भएको छ । आन्तरिक ऋण लक्ष्यको १९.३४ प्रतिशत उठिसकेको छ । वाह्य ऋण ३.९२ प्रतिशतमात्र उठेको छ । सरकारले साउनमा ४४ अर्ब ५८ करोड ऋण उठाएको थियो । भदौमा ३४ अर्ब ५६ करोड सार्वजनिक ऋण उठाइएको तथ्यांक छ ।

### भुक्तानी र प्राप्ति झन्डै हाराहारी

त्यसो त सरकारले सार्वजनिक ऋण भुक्तानीमा समेत ठूलो रकम खर्च गरेको देखिन्छ । कार्यालयका अनुसार यस वर्ष ऋण सेवा खर्चमा ४ खर्ब ११ अर्ब १ करोड बजेट राखिएको छ । भदौ मसान्तसम्म ७८ अर्ब ६७ करोड रुपैयाँ खर्च भएको छ । जुन लक्ष्यको १९.१४ प्रतिशत हो ।

भदौसम्म आन्तरिक ऋण भुक्तानीतर्फ साँवा भुक्तानी ५६ अर्ब ४० करोड र ब्याज भुक्तानी ११ अर्ब २७ करोड छ । वाह्य ऋणको साँवा भुक्तानी ८ अर्ब ६७ करोड र ब्याज भुक्तानी २ अर्ब ३२ करोड भएको छ । यस अवधिमा कुल साँवा खर्च ६५ अर्ब ७ करोड र कुल ब्याज खर्च १३ अर्ब ६० करोड रुपैयाँ भएको छ ।

### ऋण दुरूपयोगमा प्रश्न, नयाँ अर्थमन्त्रीलाई सुधारको अवसर

नेपालजस्ता मुलुकमा सार्वजनिक ऋण लिनु आवश्यक रहे पनि यसको सही सदुपयोगमा विज्ञहरुले जोड दिँदै आएका छन् । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार नेपालमा आव २०७३/७४ देखि २०८०/८१ बीचमा सार्वजनिक ऋणको वृद्धिदर औसत १९ प्रतिशत थियो । यस अवधिमा आन्तरिक ऋण वृद्धिदर २२.९ प्रतिशत भएको छ । वाह्य ऋण वृद्धिदर औसत १६.२ प्रतिशत छ । २०७६/७७ को एक वर्षमा मात्र ऋण ३६.७ प्रतिशत बढेको थियो ।

आव २०७३/७४ मा सार्वजनिक ऋण जीडीपीको २२.७ प्रतिशत रहेकोमा २०८१/८२ सम्म ४३.७१ प्रतिशत पुगेको छ । २०७२/७३ मा ६ खर्ब २३ अर्बमात्र रहेको सार्वजनिक ऋण पछिल्लो एक दशकमा चार गुणाले वृद्धि भएको देखिएको छ । अर्थ मन्त्रालयका अनुसार २०७२ सालको भूकम्पपछिको पुनर्निर्माण, संघीयता कार्यान्वयन र कोभिड-१९ का बेला बढेको स्वास्थ्य खर्चका कारण सार्वजनिक ऋण ह्वात्तै बढेको देखिन्छ ।

अघिल्लो सरकारले गठन गरेको उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको प्रतिवेदन अनुसार सार्वजनिक ऋण संरचना मात्रा बढे अनुसार जीडीपी र राजस्व परिचालन बढ्न नसक्दा साँवा-ब्याज भुक्तानी अनुपात बढ्दै गएको हो ।

उक्त प्रतिवेदन तयार पार्न संयोजकको भूमिकामा रहेका रामेश्वर खनाल यतिबेला अर्थ मन्त्रालयको नेतृत्वमा छन् । उनी स्वयंले बनाएको प्रतिवेदनमा छ, 'सार्वजनिक ऋणको सही सदुपयोग नगर्ने हो भने र प्रतिफल नहुने हो भने देश ऋणको जालोमा पर्ने सम्भावना बढ्दै जाने छ ।'

प्रतिवेदन अनुसार साँवा-ब्याज भुक्तानी दायित्व बढ्दै जाँदा शिक्षा, स्वास्थ्य, सुरक्षाजस्ता सरकारले गर्नुपर्ने अत्यावश्यक कामका लागि बजेट अभाव हुने गरेको छ । सोहीकारण सरकारी निकाय र विज्ञले ऋण परिचालन पूँजी निर्माण हुने क्षेत्रमा गर्न सुझाव दिइरहेका छन् । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समेत यसमा चिन्ता जनाएको छ । आयोगले चालु आव २०८२/८३ का लागि सरकारलाई गरेको सिफारिसमा छ, 'चालु र प्रशासनिक खर्चमा कडाइसाथ निषेध गर्नुपर्छ ।'

आयोगले आयोजनाको लागत लाभ विश्लेषण, खुद वर्तमान मूल्य र आन्तरिक प्रतिफल दर विश्लेषण गरी प्रचलित पूँजीको लागतभन्दा वित्तीय आन्तरिक प्रतिफल दर बढी भएका नाफामूलक आयोजना र आर्थिक आन्तरिक प्रतिफल दर बढी भएका सामाजिक क्षेत्रमा मात्र आन्तरिक ऋण उपयोग गर्न भनेको छ । आयोगले उत्पादन वृद्धि, आय वृद्धि, पूर्वाधार विकास र पूँजी निर्माण हुने खालका पूर्वतयारी सम्पन्न भएका आयोजना/परियोजनामा मात्र आन्तरिक ऋण परिचालन गर्न भनेको छ । प्रदेश र स्थानीय सरकारले आन्तरिक ऋण उठाउने हो भने यसलाई बजेटको स्रोतका रूपमा राख्नुपर्ने समेत आयोगको सुझाव छ ।

सरकारले बजेट तर्जुमा गर्दा आयोजना/कार्यक्रमको स्रोतगत विवरण खण्डमा अनिवार्य आन्तरिक ऋण राख्नुपर्ने समेत आयोगको सुझावमा उल्लेख छ । यस अनुसार सुधार गर्ने निकायको नेतृत्वका रूपमा अर्थमन्त्री खनालले थाल्ने प्रयासले मुलुक सार्वजनिक ऋणको धराप हुनबाट बच्ने छ ।

*(स्रोत: अनलाइनखबर)*

### सरकारको मितव्ययिता अभियान:

# सांसदका स्वकीय खारेजदेखि विदेश भ्रमणमा कडाईसम्म

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ अन्तरिम सरकारले अनावश्यक खर्च नियन्त्रण गर्ने उद्देश्यले व्यापक मितव्ययिता नीति ल्याएको छ । खर्च कटौतीका १२ बुँदे योजना सार्वजनिक गर्दै अर्थमन्त्रालयले सांसद सहित राजनीतिक पदाधिकारीका स्वकीय सचिवको सुविधा खारेज गरेको हो ।

अब राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रदेशप्रमुख र संघ-प्रदेशका मन्त्रीबाहेक अन्य पदाधिकारीलाई स्वकीय सचिव नपाइने व्यवस्था गरिएको छ । राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, सभामुख र राष्ट्रिय सभाका अध्यक्षबाहेक संघीय, प्रदेश तथा स्थानीय तहका पदाधिकारीले सल्लाहकार नियुक्ति गर्न पनि पाउने छैनन् । मन्त्री र प्रदेशप्रमुखले बढीमा तीनजना मात्र स्वकीय सचिव राख्न पाउने छन् । स्वकीय सचिवालयलाई छुट्टै कार्यकक्ष, सवारी साधन र वैदेशिक भ्रमण सुविधा पनि बन्द गरिएको छ ।




**अनावश्यक संरचना खारेजी र दरबन्दी रोकिने**

सरकारले प्राविधिक जनशक्ति बाहेक नयाँ दरबन्दी सिर्जना नगर्ने र संघ, प्रदेश तथा स्थानीय तहमा हुने दोहोरो/तेहोरो संरचना खारेज गर्ने निर्णय गरेको छ । अब अस्थायी तथा करारमा कर्मचारी राख्न पाइने छैन । भूमि समस्या समाधान आयोग खारेजी गर्ने र राष्ट्रिय अनुसन्धान विभागलाई गृह मन्त्रालय मातहत ल्याउने सरकारको तयारी छ । राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागलाई अर्थ मन्त्रालय मातहतमा ल्याई पुनर्संरचना गर्ने जनाइएको छ ।

**भत्ता र सुविधा कटौती**

अबदेखि सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीले नियमित कामका लागि बैठक भत्ता पाउने छैनन् । तर, कार्यालय समयबाहेक कानून बमोजिम गठन भएको समितिको बैठकमामात्र भत्ता लिन सकिने व्यवस्था गरिएको छ । त्यस्तै, आफ्नै वा परिवारको स्वामित्वमा रहेको आवास प्रयोग गर्ने पदाधिकारीलाई आवास सुविधावापत रकम नदिने निर्णय पनि भएको छ ।

सरकारी काम आफ्नै जनशक्तिबाट गर्ने र वाह्य परामर्श सेवामा खर्च नगर्ने अर्थमन्त्रालयले निर्णय गरेको छ । विधेयक, नियम वा कार्यविधि बनाउन पनि वाह्य परामर्श लिन पाइनेछैन । अनावश्यक महँगा इलेक्ट्रोनिक्स वा वितरणमुखी कार्यक्रम (जस्तै ग्यास, साडी वितरण) बन्द गरिनेछ ।

**विदेश भ्रमण र गोष्ठीमा कडाइ**

अत्यावश्यकबाहेक सरकारी खर्चमा विदेश भ्रमण गर्न पाइनेछैन । अन्तर्राष्ट्रिय सम्मेलनमा राष्ट्र वा सरकार प्रमुख नेतृत्व गर्ने प्रतिनिधिमण्डल बढीमा १० जनासम्म र अन्य सरकारी प्रतिनिधिमण्डलमा बढीमा ३ जनामात्र सहभागी हुने व्यवस्था मिलाइएको छ । तालिम तथा गोष्ठी सम्भव भएसम्म अनलाइन वा सरकारी हलमै गर्ने व्यवस्था गरिएको छ । सरकारी कार्यालयले व्यापारिकक्षेत्र वा प्रमुख मार्गमा महँगो घर भाडामा लिन नपाउने व्यवस्था गरिएको छ । विदेशस्थित नियोगका कर्मचारीलाई समेत व्यावसायिक क्षेत्रबाहिर आवास भाडामा लिन निर्देशन दिइएको छ । विद्युत, पानी र सञ्चारमा मितव्ययिता गर्न कर्मचारी स्वयं जिम्मेवार हुने व्यवस्था मिलाइएको छ ।

त्यस्तै, पदाधिकारी र कर्मचारीले सवारीसाधन, मोवाइल, कम्प्युटर, फर्निचरलगायतमा पुराना सामान प्रयोग गर्नुपर्नेछ । काम नलाग्ने सामान नजिकको कार्यालयलाई हस्तान्तरण गर्ने वा लिलाममार्फत् व्यवस्थापन गर्ने प्रावधानसमेत गरिएको छ । सरकारी भौतिक संरचनाको बीमा गर्ने कार्य सुरु गरिने जनाइएको छ ।

# राष्ट्रपतिबाट मतदाता नामावली सम्बन्धी अध्यादेश जारी



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ राष्ट्रपति रामचन्द्र पौडेलले मतदाता नामावलीसम्बन्धी अध्यादेश जारी गरेका छन् । ऐनले दफा ४ ले फागुन २१ गते हुन गइरहेको मतदानमा भाग लिनका लागि योग्य भएका जेनजी युवालाई रोकेपछि सरकारले अध्यादेश सिफारिस गरेको थियो ।

अध्यादेश बुधबार जारी गर्नका लागि पठाइएको थियो । निर्वाचन घोषणा भइसकेपछि पनि केही समय मतदाता नामावली संकलन गर्न मिल्ने कानुनी व्यवस्था गर्न अध्यादेश जारी भएको हो । मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा २ (२) मा 'निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचनको प्रयोजनका लागि मतदाता नामावलीमा नाम दर्ता गरिने छैन' भनिएको छ । प्रधानमन्त्री सुशीला कार्कीले नियुक्ति भएकै दिन भदौ २७ गते गरेको सिफारिसका आधारमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिनिधिसभा विघटन गर्दै फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेका थिए ।

निर्वाचन घोषणापछि आन्दोलनबाट परिवर्तन ल्याएका युवा (जेनजी) मताधिकारबाट वञ्चित हुने देखिएपछि अध्यादेश ल्याइएको हो । भदौ ३० गते गृहमन्त्री बनेलगत्तै ओमप्रकाश अर्यालले मतदाता नामावलीमा नाम दर्ता गराउन योग्य भएका र छुटेकालाई सरकारले एकपटक मौका दिने बताएका थिए । विदेशमा रहेका नेपालीलाई पनि मताधिकार दिने कार्यको सुरुवात गर्ने मन्त्री अर्यालको भनाइ थियो । त्यसका लागि अध्ययन टोली गठन भएको छ ।

अध्यादेशमा मतदाता नामावली संकलनसम्बन्धी ऐनको दफा ४ को उपदफा २(२) लाई संशोधन गरी 'निर्वाचन आयोगले तोकेको अवधिभित्र मतदाता नामावली संकलन गर्न सकिने' प्रावधान राखिएको छ । निर्वाचन आयोगले अध्यादेशका आधारमा मतदाता नामावली संकलनका लागि निश्चित दिन तोक्नेछ । त्यसपछि योग्य युवा र यसअघि छुटेका सबैले नामावलीमा नाम दर्ता गराउन पाउनेछन् ।

**निर्वाचन कार्यतालिका निर्माणमा जुट्यो निर्वाचन आयोग**

निर्वाचन आयोग निर्वाचन कार्यतालिका निर्माणमा जुटेको छ । आयोगका सूचनाअधिकारी सुमन घिमिरेका अनुसार बुधबारदेखि आयोग कार्यतालिका निर्माणमा जुटेको हो ।

'निर्वाचनका लागि सामग्री संकलनदेखि दल दर्ता, उम्मेदवारी दर्ता, उम्मेदवारको प्रचार प्रसार, मतदान र निर्वाचनको नतिजा सार्वजनिकसम्मको कार्ययोजना बनाउने कार्यमा प्रारम्भिक छलफल सुरु भएको छ' घिमिरेले भने । कार्ययोजनाअनुसार तालिका बनेर सार्वजनिक हुनेछ । अध्यादेशअनुसार कसले कहाँबाट कहिलेसम्म मतदाता नामावलीमा नाम दर्ता गर्न सक्ने भनेर कार्यविधि आयोगले बनाउनेछ । यो कार्यविधि पनि आयोगले छिट्टै बनाउने र कार्यान्वयनमा लैजाने आयोगका सूचना अधिकारी घिमिरेले जानकारी दिए ।

# थाहानगरमा वडाध्यक्षको आव्हानमा श्रमदान गर्दै वडावासी



साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/थाहा नगरपालिका-८ मा सडक मर्मत संभारका लागि वडावासी श्रमदानमा जुटेका छन् । ८ नम्बर वडाध्यक्ष हेमकुमार लामाले वडाको मुख्य तथा सहायक सडकमा वर्षाका कारण भएको क्षतिलाई श्रमदानबाटै मर्मत गर्न आव्हान गरेपछि नागरिक जुटेका हुन् ।

वडाध्यक्ष लामाले असोज ५ गते यसवर्षको वर्षाको कारण मुख्य तथा शाखा सडक पहिरोले क्षति पुऱ्याएसँगै ठाउँठाउँमा खाल्टाखुल्टी भएको हुँदा किसानले उत्पादन गरेको तरकारी बजार पुऱ्याउन र नजिकिदै गरेको चाडपर्वलाई मध्यनजर गर्दै यातायात आवतजावत सहजता ल्याउन श्रमदान गर्न सूचना गरेका थिए । सूचनामा असोज ७ गतेदेखि १२ गते सम्म सडक सरसफाई कार्य गर्ने र श्रमदानमा नागरिक टोलबस्ती तथा आफूलाई पाएकपर्ने नजिकका सडकमा श्रमदान गर्न वडाध्यक्ष लामाले आव्हान गरेका थिए ।

वडाध्यक्षले गरेको आव्हान अनुसार ७ असोजमा विकेकेएस सडक अन्तर्गत सुनकाली-सौराटोदेखि देवीस्थानसम्मको सडक मर्मत गरिएको छ । त्यसैगरी सिउरेनी-जन्तीबसे सडकको मर्मतसंभार गरी खाल्डाखुल्डी पुरिएको छ । श्रमदान अन्तर्गत सडकको खाल्डाखुल्डी पुर्ने, नाली सरसफाई तथा थुनिएका नाली खोल्नेलगायतको काम स्थानीयले गरेका थिए । श्रमदानमा नागरिक मात्र नभई वडाध्यक्ष लामासहित जनप्रतिनिधि समेत दिनभर खटिएका थिए । श्रमदानबाट सडक सफा र मर्मत भएपछि स्थानीय खुशी भएका छन् ।

श्रमदान १२ असोजसम्म जारी रहने र वडाका अधिकांश मुख्य र सहायक सडकका अवरोध पन्छाई मर्मतसंभार गर्ने योजना रहेको अध्यक्ष लामाले बताए । उनले भने- 'श्रमदानबाट गर्नसक्ने जति काम गरेर नसक्ने कामका लागि हेभी इक्युपमेन्ट (जेसिबी) प्रयोग गर्ने योजना छ ।' दशैंअघि यि काम गरिसक्ने लामाले जानकारी दिए ।

# बजारमा अपेक्षित ग्राहक नदेखिँदा व्यवसायी चिन्तित

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ दशैंको चहलपहल सुरु भइसक्दा पनि हेटौंडा बजारमा भने अपेक्षित ग्राहक नदेखिँदा व्यवसायी चिन्तित बनेका छन् ।

नेपालीहरुको सबैभन्दा ठूलो चाडको बेलामा समेत सोचेजस्तो व्यापार नहुँदा व्यवसायी निराश देखिएका हुन् । दशैंको तेस्रो दिनसम्म आइपुग्दा पनि यहाँका लत्ताकपडा, जुत्ताचप्पल, रेडिमेड कपडादेखि विभिन्न उपभोग्य वस्तुका पसलमा ग्राहकको उपस्थिति खासै देखिएको छैन । बजारमा चहलपहल देखिए पनि किनमेल गर्ने ग्राहकको संख्या खासै नरहेको व्यवसायीले बताएका छन् । राप्तीरोड, स्कुलरोडलगायत हेटौंडाका प्रमुख व्यवसायीक क्षेत्रमा यसपटक ग्राहकको उपस्थिति न्यून छ ।



मसला र दैनिक उपभोग्य वस्तुको किनमेलमा केही चहलपहल देखिए पनि लत्ताकपडा, जुत्ता, रेडिमेड वस्त्र, भाँडाकुँडा, इलेक्ट्रोनिक्स सामानलगायतमा ग्राहक न्यून देखिएका छन् । कोभिड-१९ महामारीदेखि नै व्यापारमा मन्दी आएको व्यवसायीले बताएका छन् । यसका साथै, अनलाइन किनमेलको आकर्षण बढ्दै जानु, युवा जनशक्ति विदेशिने क्रम बढेको कारणले पनि तयारी पोशाकको व्यापारमा अपेक्षित वृद्धि नभएको व्यवसायीको अनुमान छ । प्रमुख चाडबाडको समयमा समेत व्यापारमा सुधार नआउनु चिन्ताको विषय रहेको व्यवसायीले बताएका छन् ।

# हेटौंडा-१६ मा निर्मित सार्वजनिक शौचालय हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ हेटौंडा उपमहानगरपालिका-१६ चिसापानीमा निर्मित सार्वजनिक शौचालय हस्तान्तरण गरिएको छ । हेटौंडा उपमहानगरपालिका र खानेपानी ब्यवस्थापन बोर्डले शौचालय निर्माणका लागि २६ लाख रुपैयाँ लगानी गरेका थिए ।



शौचालय निर्माण भएपछि हटिया चिसापानीको हाटबजारमा आउने सर्वसाधारणलाई समेत सहज हुने बताइएको छ । हेटौंडा खानेपानी ब्यवस्थापन बोर्डका कार्यालय प्रमुख विष्णुप्रसाद सापकोटाले हेटौंडा उपमहानगर पालिका वडानम्बर १६ का अध्यक्ष रामकृष्ण कोईरालालाई शौचालय हस्तान्तरण गर्दै सञ्चालन आरम्भको अनुमति दिएका हुन् ।

# कान्तिलोकपथमा सवारी आवागमनको समय लम्ब्याइयो

साझाकुरा संवाददाता

हेटौंडा, ८ असोज/ चाडपर्वलाई लक्षित गरी हेटौंडालाई काठमाडौंसँग जोड्न कान्तिलोकपथ हुँदै चल्ने सार्वजनिक तथा निजी यात्रुवाहक सवारीसाधनका लागि दुईवटा प्रस्थानविन्दु तोकिएको छ भने प्रवेश समयावधि पनि लम्ब्याइएको छ ।

जिल्ला प्रशासन कार्यालय ललितपुरले जारी गरेको सूचना अनुसार असोज ७ गते मंगलबार देखि कोजाग्रत पूर्णिमा अर्थात् असोज २१ गते मंगलबारसम्म सवारी आवागमनमा नयाँ व्यवस्था लागू हुने भएको हो । निर्धारित मापदण्ड अनुसार अधिकतम ३० टन भारवहन क्षमता र १० चक्कासम्मका सवारी साधनले मात्रै कान्तिलोकपथ प्रयोग गर्न पाउने भएका छन् । यी सवारी साधनले तोकिएको प्रवेश वा प्रस्थानविन्दु बेलुका ९ बजेसम्म अनिवार्य रुपमा पुगिसक्नुपर्ने प्रशासनले स्पष्ट पारेको छ ।

यसअवधिमा कान्तिलोकपथ प्रयोग गर्ने सवारी साधनका लागि दुईवटा प्रवेशविन्दु तोकिएका छन् । मकवानपुरतर्फ बागमती गाउँपालिका-२ बगुवा र ललितपुरतर्फ गोदावरी नगरपालिका-६ टीकाभैरव प्रवेशविन्दु कायम गरिएको हो । प्रशासनका अनुसार चाडबाडमा देखिने भिडभाडलाई व्यवस्थित गर्न र दुर्घटनाको सम्भावना न्यूनीकरण गर्न यो व्यवस्था लागू गरिएको हो ।

खाद्य गुणस्तरमा ध्यान दिऔं ।

- सफा र सुरक्षित खानेकुरा मात्र किनौं,
- मिसावट भएको खाद्य सामग्री नबेचौं र नकिनौं,
- खाद्य सामग्रीमा कुनै रासायनिक पदार्थ वा हानिकारक क तत्व नमिसाऔं,
- म्याद समाप्त भएको खानेकुरा सेवन नगरौं,
- खाद्यान्न भण्डारण देखि पकाउने भाँडा समेतमा उचित ध्यान पुयाऔं,
- ताजा फलफूल र तरकारी खाने बानी बसाऔं,
- अत्यधिक नुन, तेल, चिनी र पिरो खाने नगरौं,
- खाद्य सामग्री सही तापक्रममा भण्डारण गरौं ।

*स्वस्थ जीवनका लागि गुणस्तरीय खाना खाऔं !*

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना